का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ माघ २०८२
बुधबार
11 February 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक २०। पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# मधेश झरे गगन र बालेन

आ-आफ्नो पार्टीबाट भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएका गगन थापा र बालेन मधेशको मत तानेर राजनीतिमा थप शक्तिशाली हुन खोज्दै छन् । यसकारण दुवै मधेश केन्द्रित चुनावी गतिविधिमा देखिन्छन् ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ माघ

नेपाली कांग्रेसका सभापति गगन थापा सोमबार दिनभर कोशी प्रदेशस्तरीय कार्यकर्ता भेला तथा अन्तर्क्रिया कार्यक्रममा व्यस्त भए । प्रदेश राजधानी विराटनगरको सभामा सहभागी भए । सुनसरी, सप्तरीको हनुमाननगर, कंकालिनी/कञ्चनपुर, रूपनी, कदमचोक सिराहाको लाहान, जिरो माइल, गोलबजार हुँदै महोत्तरीका विभिन्न स्थानमा नेता तथा कार्यकर्ताहरूसँग संवाद गरे । अर्थात्, गगन थापा मधेशको मत तान्ने रफ्तारमा मतदाता भेटिरहेका छन् । पृष्ठ २ मा

# आधा घटाइयो विकास खर्च

## आर्थिक वृद्धिदर ३.५ प्रतिशतमा सीमित हुने



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २७ माघ

अर्थ मन्त्रालयले चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धिदर ३ दशमलव ५ प्रतिशतमा सीमित हुने संशोधित अनुमान गरेको छ । चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ६ प्रतिशत हुने अनुमान गरिएको थियो । धानको उत्पादन, क्षेत्रफल र उत्पादकत्वमा आएको कमी, निर्माण क्षेत्रमा देखिएको सुस्तता र घरजग्गा कारोबारमा आएको गिरावटलगायतका कारणले आर्थिक वृद्धि दर घट्ने अर्थ मन्त्रालयले जनाएको हो ।

| विनियोजन बजेट (रु.) | संशोधित बजेट (रु.) |
|---|---|
| कुल बजेट : १९ खर्ब ६४ अर्ब ११ करोड | १६ खर्ब ८८ अर्ब ३२ करोड |
| चालु खर्च : ११ खर्ब ८० अर्ब ९८ करोड | ११ खर्ब २५ अर्ब ९७ करोड |
| पुँजीगत खर्च : ४ खर्ब ७ अर्ब ८८ करोड | २ खर्ब ४३ अर्ब ३० करोड |
| वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब २४ करोड | ३ खर्ब १९ अर्ब ४ करोड |

गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर ४ दशमलव ६ प्रतिशत रहेको थियो । यस्तै, बजेटको अर्धवार्षिक समीक्षाबाट बजेट आकार घटाएसँगै अर्थ मन्त्रालयले आर्थिक वृद्धिको लक्ष्यसमेत घटाएको छ। अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्बको बजेट विनियोजन गरेको थियो । तर जेन्जी आन्दोलनपछि रामेश्वरमा खनाल अर्थमन्त्री बने पनि खर्च गर्न नसक्ने तथा स्रोत अभाव कारण देखाउँदै अर्धवार्षिक समीक्षामार्फत बजेटको आकार घटाएको हो। अर्थ मन्त्रालयले १९ खर्बको बजेटलाई १६ खर्ब ८८ अर्बमा झारेको छ । संशोधित बजेटमा चालु खर्च ११ खर्ब २५ अर्ब ९७ करोड ९४ लाख रुपैयाँ, पुँजीगत खर्च २ खर्ब ४३ अर्ब ३० करोड ३४ लाख रुपैयाँ र वित्तीय व्यवस्था ३ खर्ब १९ अर्ब ४ करोड ३९ लाख रुपैयाँ संशोधित अनुमान गरिएको हो। यो रकम सुरु विनियोजनको ८५ दशमलव ९६ प्रतिशत रहेको अर्थ मन्त्रालयले जनाएको छ। बजेट संसोधनले विकासको बजेट ह्वात्तै घटाइएको छ ।

विश्व बैंकले भने नेपालको आर्थिक वृद्धि २ दशमलव १ प्रतिशत सीमित हुने प्रक्षेपण गरेको छ । यस्तै, सन् २०२४ देखि २०२६ सम्मको अवधिमा विश्व अर्थतन्त्र वार्षिक ३ दशमलव ३ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुमान छ। यस्तै, छिमेकी सन् २०२५ मा चीनको आर्थिक वृद्धिदर ५ प्रतिशत र भारतको ७ दशमलव ३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। अर्थमन्त्री खनालले बजेट ल्याउँदा नै अस्वाभाविक रूपमा बढाएर राखिएका कारण बजेटको आकार घटाउनुपरेको बताएका छन् । अर्थमन्त्री खनालले सरकारको सञ्चित कोषमा चाप बढेको १ खर्ब ३० अर्ब घाटामा रहेका कारण बजेटको प्राथमिकता निर्धारण गर्नुपरेको उनको भनाइ छ। अर्थमन्त्री खनालले १ खर्ब १९ अर्बबराबरका आयोजना तयारी अवस्थामा नरहेको र राम्रो प्रतिफल नदिने देखिएकाले प्रारम्भिक मूल्यांकन गरी स्थगित गरिएको बताए ।

यस्तै, बजेटको पुँजीगत खर्च हुन नसक्नुको मुख्य कारण राजीतिक घटनाक्रम पनि रहेको बताए। चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा वार्षिक लक्षको ३५ दशमलव १४ प्रतिशत मात्र खर्च भएको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाश श्रेष्ठले पूर्वतयारी नभएका र र तत्काल पृष्ठ २ मा

# नेकपाको नजरमा रास्वपा सिद्धान्तहीन एमाले-कांग्रेस 'यथास्थितिवादी'

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ माघ

नेपाली कम्युनिस्ट पार्टीले नयाँ राजनीतिक दलहरूलाई पपुलिस्टको संज्ञा दिएको छ । आगामी २१ फागुनको निर्वाचनका लागि मंगलबार सार्वजनिक गरिएको घोषणापत्रमा नयाँ उदाउँदा शक्तिहरूलाई पपुलिस्ट भनेको हो ।

'आफूलाई नयाँ भन्ने पपुलिस्ट शक्ति सिद्धान्तहीन र दृष्टिकोणविहीन छ' घोषणापत्रमा भनिएको छ, 'यो भदौ २४ को विध्वंश मच्चाउने तत्वसँग जोडिएको शक्ति हो ।' यस्ता शक्तिहरूले मुलुकका समस्या समाधान गर्न नसक्ने र उनीहरू देश र जनताको हितमा नरहेको नेकपाको दाबी छ ।

नयाँ शक्तिलाई पपुलिस्ट भनेर टिप्पणी गरेको नेकपाले नेकपा एमाले र नेपाली कांग्रेसलाई 'यथास्थितिवादी'को संज्ञा दिएको छ । एमाले र काँग्रेससँग मुलुक अगाडि बढाउने कुनै नवीन पृष्ठ २ मा

# झापाबाट निस्किएनन् ओली



केपी शर्मा ओली ओली दिनभरजसो झापा ५ मै मतदाता भेट्न व्यस्त हुन्छन् । नयाँ पुस्तालाई आफूतर्फ आकर्षित गर्न प्राथमिकताका साथ युवालाई भेटिरहेका छन् । गौरादह, दमक, गौरीगन्ज र कमल गाउँपालिकाका गाउँवस्ती पुगेर स्थानीयका गुनासा सुनेका छन् ।

आफ्नो पार्टीबाट भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएका अर्का पात्र हुन्- नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली। उनी आफ्नो निर्वाचन क्षेत्र केन्द्रित गतिविधिमा छन्।

यसपटक बालेन पनि ओलीसँगै प्रतिस्पर्धामा छन् । यसकारण झापा निर्वाचन क्षेत्र नम्बर ५ आमचासोको निर्वाचन क्षेत्र बन्न पुगेको छ। २०४८ यताका एउटाबाहेक सबै चुनाव जितेमा ओली यसपटक पनि उम्मेदवार भएका हुन् । युवा मतदता बालेनप्रति आर्कषित रहेको आशंकामा ओली निर्वाचन क्षेत्रमै रहेर युवा र बालबालिका केन्द्रित भेटघाटमा छन् ।

विश्वविद्यालयमा अध्ययन गरिरहेका विद्यार्थी र तथा युवाहरूलाई टेलिफोन गर्ने र सुझाव लिनेदेखि स्थानीयस्तरमा समेत युवा केन्द्रित भेटघाटमा रहेका ओली अन्यत्र चुनावी प्रचारमा निस्किएका छैनन् । तथापि वृद्धवृद्धालाई समेत भेटेर ओलीले संवाद गरिरहेको र जिज्ञासा सुनिरहेका विवरणसमेत सार्वजनिक भइराखेका छन् ।

एमालेका नेताहरूका अनुसार एमालेले वडा र गाउँस्तरका संरचनालाई परिचालन गरेको छ। देशभर स्थानीयस्तरको पार्टी कमिटी रभ्रातृसंरचनालाई पृष्ठ २ मा



# बस दुर्घटनामा १२ को मृत्यु

## शोकमग्न लिखु

**काठमाडौं/मस-** बस दुर्घटनाका कारण रामेछापको लिखु तामाकोशी गाउँपालिका शोकमग्न भएको छ। मंगलबार तामाकोशीमा भएको बस दुर्घटनामा परेर १२ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६ जना लिखु तामाकोशी गाउँपालिकाका रहेका छन्। दोलखा भीमेश्वर र सिन्धुली गोलन्जोरका रहेका छन् ।

प्रहरीका अनुसार मंगलबार बिहान काठमाडौंबाट रामेछाप हुँदै ओखलढुंगाका लागि हिँडेको बाप्र ०१००६ ख ९९७५ नम्बरको बस तामाकोशी नदीमा खसेर दुर्घटनामा परेको हो । मन्थली अस्पतालका अनुसार दुर्घटनामा परेर मृत्यु हुनेहरूमा लिखुका दीपेश बस्नेत, सानुमाया तामाङ, तारा तामाङ, भीमबहादुर तामाङ, रमिता तामाङ र दीपेन्द्र बस्नेत रहेका छन् ।

दोलखा भीमेश्वरमा बवि तामाङ, मानबहादुर तामाङको निधन भएको छ । सिन्धुली गोलन्जोरका शिव श्रेष्ठको पनि मृत्यु भएको छ। दुर्घटनाको कारण खुलेको छैन। बस चालकलाई भने प्रहरीले पक्राउ गरेको छ ।

**वैदेशिक रोजगार विशेष**

# श्रम मन्त्रालयद्वारा आधा दर्जन मेडिकलमा अनुगमन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तोकिएभन्दा बढी शुल्क लिएको आशंकामा मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने आधा दर्जन बढी मेडिकलम अनुगमन गरेको छ । श्रम मन्त्रालयको टोलीले गत आइतबारदेखि राजधानीका विभिन्न भागमा रहेका मेडिकल सेन्टरमा अनुगमन गरेको हो ।

मन्त्रालय स्रोतका अनुसार मंगलबारसम्म फ्युजन मेडिकल सेन्टर, कसमस मेडिकल सेन्टर, सहारा मेडिकल सेन्टर, सुधा क्लिनिक, रोशन कार्कीको लालुपाते मेडिकल सेन्टर, अनमोल मेडिकल सेन्टर र चेतना मेडिकल सेन्टरमा अनुगमन गरिएको छ । अन्य मेडिकल सेन्टरका सञ्चालकहरू कतिबेला अनुगमन र कारबाहीमा परिने हो भन्ने त्रासमा रहेको बताइएको छ ।

मेडिकल सेन्टरमा लगानी थप भएपछि वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्कसम्बन्धी विवाद लामो समयदेखि चल्दै आएको छ । श्रम मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ मा भएको सातौं संशोधन सार्वजनिक गरेपछि ३४ वटा विषय परीक्षण गर्नुपर्ने भन्दै व्यवसायीले परीक्षण शुल्क ९ हजार ५ सय लिन सुरु गरेपछि विवाद सतहमा आएको हो ।

श्रम मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क बढाउने गत कात्तिक ३० गतेको निर्णय पुस ४ गते मन्त्रीस्तरीय निर्णयबाट खारेज गरेको थियो। मन्त्रालयको उक्त निर्णयपछि केही स्वास्थ्य व्यवसायीले मन्त्रालयले गरेको निर्णयले व्यवसायीले गरेको लगानी सुरक्षित नभएको र स्वास्थ्य परीक्षण पनि भरपर्दो नहुने भन्दै मन्त्रालयको निर्णयविरुद्ध रिट लिएर उच्च अदालत पाटन गएका थिए । तर उच्च अदालतले अन्तरिम आदेश दिएन । यसले वैदेशिक रोजगारका लागि जाने कामदारको स्वास्थ्य परीक्षण शुल्क तत्कालका लागि ६ हजार ५ सय रुपैयाँ नै कायम भयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, श्रम पृष्ठ २ मा






मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ माघ २०८२ बुधबार
11 February 2026 Wednesday

# चुनावी सुरक्षाका लागि सतर्क रहन प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले चुनावी सुरक्षामा कति पनि चुक्न नदिनेतर्फ सतर्क रहन सुरक्षा फौजलाई निर्देशन दिएकी छन् ।

महाशिवरात्रि तथा सेना दिवसको पूर्वसन्ध्यामा सैनिक मुख्यालय जंगी अड्डामा मंगलबारदेखि सुरु भएको पृतनापति समन्वयात्मक बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले विगतमा सुरक्षा संयन्त्रहरुबीच समन्वयमा कतै त्रुटी र रिक्तता भएका रहेछन् भने अब त्यो अवस्था दोहोरिन नदिन सुझाव दिइन् ।

प्रधानमन्त्री कार्कीले भनिन्, 'यस निर्वाचनलाई सुरक्षित तवरले सम्पन्न गर्न यसअघिका चुनावको समेत अनुभव र आसन्न चुनावका विविध आयामबाट विश्लेषण गरी सुरक्षा संवेदनशीलताका आधारमा सबै सुरक्षा निकायसँग समन्वय गरी त्रुटिरहित ढंगले काम गर्नुहोस् ।'

निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट स्वीकृत भएको 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२' अनुसार नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरु उत्कृष्ट ढंगबाट सम्पादन गर्नेमा आफू पूर्ण विश्वस्त रहेको प्रधानमन्त्री कार्कीले स्पष्ट पारिन् ।

जनतालाई सुरक्षाको प्रत्याभूति दिँदा तथा सबै राजनीतिक दलका राजनीतिक गतिविधिलाई बिनाअवरोध सञ्चालन गर्ने वातावरण सृजना गर्न आग्रह गर्दै उनले अन्य निकायसँगको सहकार्यमा स्पष्ट कार्ययोजनासहित अघि बढ्न निर्देशन दिइन् ।

नेपाली सेनाका विभिन्न विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखका साथै पृतनापतिहरूको सहभागिता रहेको उक्त बैठकमा प्रधानसेनापति अशोकराज सिग्देलले स्वागत गर्दै समग्र सुरक्षा व्यवस्थाको अवस्थाबारे जानकारी गराएकी थिइन् । बैठकमा सहभागीहरूले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति, सम्पादन गरेका कार्यहरूको समीक्षा एवं सुझाव प्रस्तुत गर्नाका साथै समसामयिक विषयमा छलफल गर्ने सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

## मधेश...

कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार सभापति थापाको यस्तै रफ्तार अन्यत्र पनि पुग्नेछ । बुधबार दाङ जिल्लास्तरीय बृहत् भेला, बिहीबार रुपन्देही जिल्लास्तरीय बृहत् भेला र शुक्रबार सबै उम्मेदवारसहितको पाल्पा जिल्लास्तरीय बृहत् भेला रहेको छ ।

गगन थापा जुन रफ्तारमा मधेश केन्द्रित भएर मतदाता भेटिरहेका छन् त्यस्तै रफ्तारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले मधेशको दुई फन्को लगाइसके। यी दुवै संघीय राजधानी काठमाडौंबाट राजनीतिमा स्थापित भएका नेता हुन् ।

चारपटकसम्म काठमाडौंबाट संघीय सांसद भएर काम गरेका थापा पार्टी सभापति भएसँगै मधेशको मत तान्न तराई-मधेस झरेका छन् । २०७९ मा स्वतन्त्र उम्मेदवार भएर काठमाडौं महानगरको मेयर जितेसँगै राजनीतिमा उदाएका बालेन मधेशको मत तानेर प्रधानमन्त्री बन्ने ध्याउन्नमा छन् । उसो त थापालाई पनि कांग्रेसले भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेको छ ।

भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत भएका थापा र बालेन मधेशको मत तानेर राजनीतिमा थप स्थापित हुने योजनामा देखिन्छन् । यसकारण दुवै मधेशकेन्द्रित भएर चुनावी गतिविधिमा रहेका हुन् ।

मधेश प्रदेशमा मात्रै ३२ वटा निर्वाचन क्षेत्र छ। यो प्रदेशमा मात्रै मतदाताको संख्या ३६ लाख ३६ हजार ४ सय १४ छ । निर्वाचन क्षेत्र र मतदाता दुवै धेरै भएकाले मधेश प्रदेश दलहरूको प्रमुख चासोका रूपमा रहँदै आएको छ ।

## झापाबाट...

सक्रिय बनाइएको छ । देशभर शीर्ष नेताहरू जाने कार्यक्रमको विषय औपचारिक रूपमा कुनै निर्णय भएको छैन ।

एकसरो मतदातासँगको भेटघाट सकाएपछि ओली काठमाडौं आएका थिए। फेरि उनी झापामै फर्किए । काठमाडौंमा रहँदा उनले अन्तरपार्टी संवादसमेत गरेका छन् । पार्टीका शीर्ष नेताहरूसँग पनि छलफल गरे । आफू घेराबन्दीमा रहेको उनको अनुभूति सुनेपछि एमालेका अन्य शीर्ष नेताहरूले पनि झापा केन्द्रित हुन सुझाव दिएका थिए । त्यसपछि ओली फेरि झापा नै फर्किएका हुन् ।

अघिल्ला चुनावहरूमा आफ्नो निर्वाचन क्षेत्रमा कमै देखिएर सजिलै जित्दै आएका पूर्वप्रधानमन्त्री एवं एमाले अध्यक्ष ओली यसपटक भने झापा-५ मै केन्द्रित भएका हुन् । नेताहरूका अनुसार सम्भवतः उनी देश दौडाहामा निस्कने छैनन् ।

२३ भदौमा जेनजी आन्दोलन हुँदा ओली प्रधानमन्त्री थिए । प्रहरी दमनमा एकै दिन १९ युवा मारिएपछि उनी आलोचनाको केन्द्रमा छन् । त्यसैले अघिल्ला चुनावमा जस्तो ओलीले भाषण गरेर जनमत बढ्नेमा एमाले उम्मेदवारहरू विश्वस्त छैनन् ।

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहको उम्मेदवारीले दबाबमा परेका ओली दिनभरजसो मतदाता भेट्न व्यस्त हुन्छन् । गौरादह, दमक, गौरीगन्ज र कमल गाउँपालिकाका गाउँबस्ती पुगेर उनले स्थानीयका गुनासा सुनेका छन्। भूमिहीन सुकुम्बासी, किसान र बेरोजगार युवाले ओलीलाई प्रश्न तेर्स्याएका छन् । नयाँ पुस्तालाई आफूतर्फ आकर्षित गर्न प्राथमिकताका साथ युवालाई भेटिरहेका छन् ।

ओली आफ्नै मतदाताका प्रश्नबाट घेरिएका छन् । पटकपटक प्रधानमन्त्री हुँदा पनि सुकुम्बासी समस्या किन समाधान गर्न नसकेको भन्दै भूमिहीनहरूले सोधेका छन् । ओलीले सरकार अस्थिर हुँदा समस्या समाधान गर्न नसकिएको प्रस्टीकरण दिएका छन् ।

'आयोग बनायो, पुर्जा बाँड्ने बेला सरकार ढल्छ,' उनले भने, 'यसपटक पनि आयोग विघटन गरियो । अदालतबाट पुनर्स्थापित आयोगले काम गर्दै छ ।' नेपाल-चीन मैत्री औद्योगिक पार्क क्षेत्रमा मुआब्जामा भेद्भाव भएकोमा पनि स्थानीयले गुनासो गरेका छन् ।

एमाले अध्यक्ष ओली २०४८ सालयता झापाबाट आठौंपटक चुनाव लड्दै छन् । २०६४ मा तत्कालीन माओवादीका विश्वदीप लिङ्देनसँग पराजित भएबाहेक उनी सजिलै विजयी हुँदै आएका छन् । २०७४ र २०७९ का निर्वाचनमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र ओलीले एकअर्कालाई सघाएका थिए । यसपटक भने एमाले र राप्रपाबीच कुनै तालमेल छैन ।

## नेकपाको...

अवधारणा नभएको पनि नेकपाको टिप्पणी छ । यसबाहेक नेकपाले राजनीतिक दलहरूको प्रवृतिलाई अरू दुई वर्गमा समेत देखाएको छ। जसअन्तर्गत राप्रपालाई 'प्रतिगामी पुनरुत्थानवादी' शक्तिका रूपमा चित्रित गरेको छ। जनक्रान्तिद्वारा उखेलेर फ्याँकिएको सामन्ती राजतन्त्र फर्काउन खोज्ने यी शक्तिहरूले देशलाई पछाडि धकेल्ने चालबाजी गरिरहेको आरोप नेकपाको छ ।

बाँकी रहेको अर्को वर्गलाई नेकपाले आफूलाई राखेको छ। क्रान्तिकारी शक्तिका रूपमा आफूलाई चित्रित गर्दै नेकपाले आफूसँग समाज रूपान्तरणको स्पष्ट समाजवादी कार्यदिशा भएको दाबी गरेको छ ।

विगतका जनसंघर्ष र राजनीतिक परिवर्तनको नेतृत्व आफूले गरेको दाबी गर्दै नेकपाले लोकतन्त्र, संघीयता र समावेशी प्रतिनिधित्वजस्ता अधिकार आफ्नै कारण प्राप्त भएको दाबी पनि गरेको छ ।

नेकपाले सार्वजनिक गरेको घोषणापत्रमा अगाडि भनिएको छ, 'हामीले व्यवस्था बदल्यौं, अब अवस्था पनि हामीले नै बदल्नेछौं।'

२१ फागुनमा हुने निर्वाचन आयोगले समेत दलहरूलाई चुनावी घोषणापत्र सार्वजनिक गर्न ताकेता गरिरहेको छ । यही बेला नेकपाले आफ्नो घोषणापत्र ल्याएको हो ।

आयोगको सबै राजनीतिक दललाई आगामी फागुन ३ गतेभित्र घोषणापत्र सार्वजनिक गर्न र आयोगमा पेस गर्न निर्देशन जारी गर्ने निर्णय नै गरेको छ ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार दलहरूले निर्वाचन आयोगमा चुनावी घोषणापत्र पेस गर्नुपर्नेहुन्छ ।

'निर्वाचनमा भाग लिएका राजनीतिक दलहरू तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारहरूले निर्वाचन आचारसंहिता २०८२ को दफा ३७ बमोजिम संवत् २०८२ साल फागुन ३ गतेभित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले सम्बन्धित निर्वाचन कार्यालयमा पेस गर्न राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम निर्देशन दिइएको बेहोरा सबैको जानकारीका लागि अनुरोध छ,' आयोगले निकालेको विज्ञप्तिमा उल्लेख छ ।

## आधा...

कार्यान्वयन गर्न नसकिने तथा कम लागतका आयोजनाको बजेट रोक्का राखिएको बताए । ३ करोडभन्दा कम लागतका आयोजनालाई परियोजना बैंकमा उनले बताए । अर्धवार्षिक समीक्षामा राष्ट्रिय गौरवका आयोजनाको गति सुस्त देखाएको छ । ६ महिनमा १५ प्रतिशत मात्रै प्रगति भएको देखिएको हो । राष्ट्रिय गौरवका आयोजालाई ७६ अर्ब ८ अर्ब ६४ लाख रुपैयाँको बजेट विनियोजन भएको थियो । यसबाट जम्मा १० अर्ब ३९ करोड ३९ लाख मात्रै खर्च भएको छ । जुन खर्च जम्मा १५ दशमलव ४९ प्रतिशत हो । जग्गा प्राप्ति र मुआब्जा वितरणमा समस्या, वन क्षेत्रको उपयोगमा जटिलतादेखि स्थानीयस्तरका अवरोध मुख्य समस्या देखिएको अर्थ मन्त्रालयको भनाइ छ ।

अर्धवार्षिक समीक्षाबाट नेपालको समष्टिगत आर्थिक तथा वित्तीय स्थितिमा नेपालको कृषि क्षेत्रमा धानको उत्पादनमा केही कमी आएको तर पशुपालन र फलफूलको उत्पादन बढ्नाले कृषि क्षेत्र १ दशमलव ३६ प्रतिशतले विस्तार अनुमान गरिएको छ । यस्तै, यो वर्ष मकै, कोदो र फापरजस्ता खाद्यान्न बालीको उत्पादनमा वृद्धि हुने देखिएको छ । पर्यटन, व्यापार र वित्तीय मध्यस्थतामा भएको सुधारले सेवा क्षेत्रमा ३ दशमलव शून्य ३ प्रतिशतको वृद्धि हुने अनुमान छ गरिएको छ ।

निजी क्षेत्रतर्फको कर्जा बढेको, बैंकको निक्षेप परिचालनले अर्थतन्त्रमा सुधार देखिएको अर्थ मन्त्रालयले जनाएको छ ।

## श्रम ...

मन्त्रालय, श्रममन्त्री , स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्यमन्त्री, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सचिवालयलाई विपक्षी बनाइएको रिटको फैसला हुन बाँकी छ ।

मन्त्रालयले आधा दर्जन बढी मेडिकल सेन्टरमाथि मुख्य रूपमा तोकिएभन्दा बढी शुल्क लिएको आशंकामा छानबिन गरिरहेको बताइएको छ । तर स्वास्थ्य व्यवसायीले मन्त्रालयले तोकेको शुल्क ६ हजार ५ सय भन्दा एक रुपैयाँ बढी नलिएको अवस्थामा अनुगमन गर्ने, तर छापा मारेको प्रचार गरेर हतोत्साहित बनाउने काम हुन थालेको बताएका छन् ।

विगतमा तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको कार्यकालमा मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने अधिकांश मेडिकल सेन्टरका सञ्चालकहरूले ठगीको मुद्दा खेपेका थिए । त्यतिबेला टाठाबाठा व्यवसायी दायाँबायाँ लागेपनि कम अनुभव भएका व्यवसायी लामो समय हिरासत बसेर लाखौं रकम धरौटी राखेर छुटेका थिए । तर पछि सबैले अदालतबाट सफाइ पाएका थिए ।

कतिपय व्यवसायी मलेसियासँगको श्रम सम्झौताअनुसार स्वास्थ्य परीक्षण गरेको भन्दै मुलुक निर्वाचनको माहोलमा रहेका बेला पुनः धरपकड हुने र विगतमा जस्तै व्यवसाय बन्द गर्नुपर्ने त्रास बढेको बताउँछन् ।

नेपाल मेडिकल व्यवसायी संघका महासचिव कृष्णप्रसाद बजगाईंले भने, 'पटकपटक कार्यविधि परिवर्तन गरेर लगानी बढाउन बाध्य पार्ने, तर अनुगमनका नाममा दबाबमा राख्ने प्रवृत्तिले निजी क्षेत्रको लगानी निरुत्साहित हुने खतरा देखिएको छ ।'

उनले श्रम मन्त्रालयले एकपक्षीय दृष्टिकोण नलिई निजी क्षेत्रबाट भएको लगानी सुरक्षाका लागि सबैको भनाइ सुनेर अभिभावकीय भूमिका निभाउन आवश्यक रहेको पनि बताए ।


# Bahradashi Rural Municipality
## Office of Rural Municipal Executive
**Chakchaki, Jhapa**
**Koshi Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2082/10/28 (11th February, 2026)**

Bahradashi Rural Municipality invites electronic bids from eligible bidders for the procurement of the following works under National Competitive Bidding (NCB) procedures.

| Contract ID | Description | Estimated Amount NRs. (With Vat & PS Excluding Contingency) | Bid Security & Validity | Cost of Bid Document | Last Date of Submission/ Opening Date |
|---|---|---|---|---|---|
| NCB/Bahradashi/ PSS/11/2082-83 | Pradesh Sasarta Anudan Antargat Wada No. 1, 2, 5, 6 ra 7 Ka Bibhinna 10 Stanma Bhautik Purwadhar Nirman Karyaharu. | 86,32,104.96 | 2,29,000/- & 120 days from deadline | 3000/- | 13th Mar., 2026 (13:00 hrs/ 13:15hrs) |
| NCB/Bahradashi/ School/12/2082-83 | Ghodamara Adharbhut Bidhyalaya Staronnati Bahradashi 5 Jhapa. | 41,35,228.23 | 1,10,000/- & 120 days from deadline | 3000/- | 13th Mar., 2026 (13:00 hrs/ 13:15hrs) |
| NCB/Bahradashi/ BLDG/13/2082-83 | Samudaik Bhawan Simal Chowkma Trust Tatha Parkhal Nirman. | 38,06,719.21 | 1,01,000/- & 120 days from deadline | 3000/- | 13th Mar., 2026 (13:00 hrs/ 13:15hrs) |
| NCB/Bahradashi/ BLDG/14/2082-83 | Bhagudubba Bazzar Tahara Nirman ra Sarbajanik Sauchalaya Nirman. | 24,60,953.68 | 65,000/- & 120 days from deadline | 3000/- | 13th Mar., 2026 (13:00 hrs/ 13:15hrs) |

Eligible Bidders may obtain further information from the office of Bahradashi Rural Municipality, Chakchaki, Jhapa or may visit e-GP system: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/१०/२८**

**पूर्वाधार विकास कार्यालय सिन्धुली**बाट मिति २०८२/०९/०८ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम रित पूर्वक पेस हुन आएका बोलपत्रहरू खोली मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही रहेको देहायका बोलपत्रहरु स्वीकृत गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम रु. (पी.एस. र मु.अ.कर सहित) |
|---|---|---|---|
| IDO/SIN/W/ NCB/082/83/39 | Upgrading Works on Subika Kholsa-Dadagau Road, Golanjor-06, Sindhuli | M/S Raymond Construction and Suppliers Pvt. Ltd., Sindhuli | 10,96,510.30 |
| IDO/SIN/W/ NCB/082/83/40 | Upgrading Works on Hamaldi Golmathan-Kasini -Dhungrekhola-Gwaltar Road, Golanjor-02, Sindhuli | M/S Gen Z. Nepal Construction and Suppliers Pvt. Ltd., Sindhuli | 11,51,684.70 |
| IDO/SIN/W/ NCB/082/83/41 | Upgrading Works on Aambote-Tilekhola-Phadke-Chilaune-Batase Road, Golanjor-04, Sindhuli | M/S Gen Z. Nepal Construction and Suppliers Pvt. Ltd., Sindhuli | 10,70,392.50 |
| IDO/SIN/W/ NCB/082/83/42 | Upgrading Works on Khatritol-Khamor-Baghkhor-Khaireni Road, Tinpatan-03, Sindhuli | M/S Patandevi Nirman Sewa, Sindhuli | 15,64,528.02 |
| IDO/SIN/W/ NCB/082/83/43 | Upgrading Works on Kharban-Juke-Mahabir-Kholagau Road, Tinpatan-08, Sindhuli | M/S Bamjan Nirman Sewa, Sindhuli | 12,90,084.84 |
| IDO/SIN/W/ NCB/082/83/44 | Upgrading Works on Chisapani Khola-Mahabir-Damar Road, Tinpatan-08, Sindhuli | M/S Janaki Bhumi Construction and Suppliers Pvt. Ltd., Sindhuli | 16,88,756.41 |
| IDO/SIN/W/ NCB/082/83/45 | Construction of Lose Ghardada-Lalu Tole-Charghare-Nathedhap Road, Tinpatan-06, Sindhuli | M/S Him Ganga Builders, Sindhuli | 11,01,035.84 |
| IDO/SIN/W/ NCB/082/83/46 | Upgrading Works on Padmas-Gothdada Road, Kamalamai-02, Sindhuli | M/S Janaki Bhumi Construction and Suppliers Pvt. Ltd., Sindhuli | 11,91,982.76 |
| IDO/SIN/W/ NCB/082/83/47 | Upgrading Works on Madan Bhandari Highway-Basaniya-Kamala River Road, Dudhauli-02, Sindhuli | M/S Raymond Construction and Suppliers Pvt. Ltd., Sindhuli | 14,84,912.65 |
| IDO/SIN/W/ NCB/082/83/48 | Upgrading Works on Bataha-Fedi-Pitlebhanjyang Road, Dudhauli 8 & 14, Sindhuli | M/S Makalu Nirman Sewa, Sindhuli | 12,42,435.56 |
| IDO/SIN/W/ NCB/082/83/49 | Upgrading Works on Dadatol Chowk-Naya Bato-Kruma Khola Road, Dudhauli-08, Sindhuli | M/S Makalu Nirman Sewa, Sindhuli | 9,18,947.64 |
| IDO/SIN/W/ NCB/082/83/50 | Upgrading Works on Gagan-Bhorleni Road, Dudhauli-02, Sindhuli | M/S Sishir Construction and Suppliers Pvt. Ltd., Sindhuli | 15,45,487.44 |
| IDO/SIN/W/ NCB/082/83/51 | Upgrading Works on Madan Bhandari Highway-Tirtha Baral House-Bhitte Bato Road, Dudhauli-01, Sindhuli | M/S Amar Construction, Sindhuli | 11,94,614.64 |
| IDO/SIN/W/ NCB/082/83/52 | Upgrading Works on Madan Bhandari Highway-Dudhauli Municipal Hospital Road, Dudhauli-05, Sindhuli | M/S Amar Construction, Sindhuli | 9,86,470.11 |
| IDO/SIN/W/ NCB/082/83/53 | Upgrading Works on Ratamate-Riththe-Tinpatan Road, Dudhauli-05, Sindhuli | M/S Pakhrin Nirman Sewa Pvt. Ltd., Sindhuli | 9,90,948.42 |

**–कार्यालय प्रमुख**

# भ्रष्टाचार नियन्त्रणमा नेपालको ठोस प्रगति देखिएन

**काठमाडौं/मस–** नेपालले भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस प्रगति गर्न नसकेको प्रतिवेदनले देखाएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई)ले मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार धारणा सूचकांक (सिपिआई) २०२५ काअनुसार नेपालको भ्रष्टाचारसम्बन्धी सूचकांक यथावत् नै रहेको छ । नेपालको स्थिति गत वर्षजस्तै यस वर्ष पनि ३४ अंकमै सीमित भएको छ ।




६ वटा अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ को अगस्टसम्म उपलब्ध सुशासनसम्बन्धी तथ्यांकका आधारमा नेपालको स्कोर निर्धारण गरेको टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले जानकारी दिए । उनकाअनुसार लामो समयदेखि नेपालले ३५ भन्दा कम अंक प्राप्त गर्दै आएको छ । सूचकांकमा १०० अंकले भ्रष्टाचाररहित र शून्य अंकले अत्याधिक भ्रष्ट अवस्थालाई जनाउँछ ।

सन् २०२५ मा विश्वका दुईतिहाइ देशले १०० मा ५० भन्दा कम अंक प्राप्त गरेका छन्, जसले ती देशहरू भ्रष्टाचार नियन्त्रण गर्न असफल रहेको संकेत गर्दछ । नेपालले अंक प्राप्त गर्नुले नेपाललको सत्तामा आएकाहरुले भ्रष्टाचारविरुद्ध प्रभावकारी काम गर्न नसकेको पुष्टि गरेको अध्यक्ष शर्माले बताए ।

भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन तथा मुलुकले व्यहोरेको अपूरणीय धन-जन क्षतिको मूल कारणमध्ये बढ्दो भ्रष्टाचार रहेको दाबीलाई यस सूचकांकले थप पुष्टि गरेको उनको भनाइ छ । उनकाअनुसार भ्रष्टाचारग्रस्त मुलुकहरूमा सन् २०२५ मा जेनजी पुस्ताको नेतृत्वमा भ्रष्टाचारविरुद्ध प्रदर्शनहरू भएका छन् । नेपाल, मडागास्कर, फिलिपिन्स र इन्डोनेसियालगायतका देशमा युवाहरूले नेतृत्व तहको शक्ति दुरुपयोग, सुलभ सार्वजनिक सेवा, रोजगारी र आर्थिक अवसरबाट वञ्चित हुनुपरेको भन्दै सडक आन्दोलन गरेका छन् ।

उनले जेनजी तथा युवा आन्दोलनबाट राजनीतिक भ्रष्टाचार निर्मूल गर्ने चाहना स्पष्ट रूपमा देखिएको बताए । आसन्न निर्वाचनबाट भ्रष्टाचारमा नमुछिएका, इमान्दार र प्रतिबद्ध नेतृत्व चयन हुनुपर्ने उनको भनाइ छ । यस्तो नेतृत्व चयन हुनसके मात्र दशकौंदेखि जकडिएको भ्रष्टाचार नियन्त्रणमा ठोस सुधार सम्भव हुने आशा गर्न सकिने उनले बताए ।

पछिल्लो दशकमा विश्वव्यापी रूपमा भ्रष्टाचार नियन्त्रणमा पनि प्रगति न्यून रहेको देखाएको उनले बताए । सर्वेक्षणमा समेटिएका १८२ देशमध्ये अधिकांश देशको अवस्था विगत वर्षको तुलनामा कमजोर बनेको छ । सूचकांकअनुसार सन् २०२५ मा विश्वको औसत स्कोर ४२ कायम भएको छ, जुन अघिल्लो वर्षभन्दा एक अंक कम हो । एक दशकअघि ८० भन्दा बढी अंक प्राप्त गर्ने देशको संख्या १२ रहेकोमा यस वर्ष घटेर ५ मा सिमित भएको छ ।

सन् २०१२ यता ५० भन्दा बढी देशमा भ्रष्टाचार नियन्त्रणको अवस्था झनै खस्किँदै गएको टीआईले जनाएको छ । सुधार देखाउने देशको संख्या भने ३१ मात्र रहेको छ । यस वर्ष पनि डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने देशको सूचिमा शिर्ष स्थानमा रहँदै ८९ अंक प्राप्त गर्न सफल भएको छ । दक्षिण सुडान र सोमालिया भने ९-९ अंकसहित सबैभन्दा बढी भ्रष्टाचार हुने देशका रूपमा सूचिकृत भएका छन् ।

### दक्षिण एसियामा भुटानबाहेक सबै कमजोर

दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटानले ७१ अंक प्राप्त गर्दै तुलनात्मक रूपमा राम्रो स्थिति देखाएको छ । भारत र माल्दिभ्सले समान ३९ अंक, श्रीलंकाले ३५, पाकिस्तानले २८, बंगलादेशले २४ र अफगानिस्तानले १६ अंक प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनको ४३ अंक रहेको छ । भुटान बाहेक अधिकांश दक्षिण एसियाली देशमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा कायम रहेको सूचकांकले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले भ्रष्टाचार प्रवृत्तिका रूपमा बढ्दै जानु गम्भीर चिन्ताको विषय भएको जनाएको छ । स्थापित प्रजातान्त्रिक देशहरूमा समेत नेतृत्व क्षयका कारण भ्रष्टाचार बढ्दै जाँदा लोकतन्त्र कमजोर बन्दै गएको, नागरिक स्वतन्त्रता साँघुरिँदै गएको र विकास अपेक्षित गतिमा अघि बढ्न नसकेको अवस्था सिर्जना भएको टिआईको निष्कर्ष छ । टिआईले राजनीतिक नेतृत्वलाई भ्रष्टाचार नियन्त्रणप्रति दृढ प्रतिबद्धता जनाउन, कानुनको पूर्ण कार्यान्वयन गर्न, अन्तर्राष्ट्रिय प्रतिबद्धता लागू गर्न र नियमनकारी निकाय सुदृढ बनाउन आह्वान गरेको छ । साथै, अन्तरदेशीय पुँजी पलायन रोक्न कानुनी छिद्र बन्द गर्नुपर्नेमा समेत जोड दिएको छ ।

# 'बहुमतको सरकार बनाउँछौं'

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ माघ



नेपाली कांग्रेसका उपसभापति पुष्पा भुसालले कांग्रेसलाई जनताको भरोसाको पार्टीका रूपमा स्थापित गर्न सबै नेता र कार्यकर्तालाई एकताबद्ध भएर लाग्न आवश्यक रहेको बताएकी छन् । भुसालले भूमिकास्थान नगरपालिका वडा नम्बर ८, पोखेडाँडामा आयोजना गरिएको चुनावी भेटघाट कार्यक्रममा सम्बोधन गर्दै लोकतन्त्र, संविधान र समावेशी विकासको रक्षा गर्ने जिम्मेवारी कांग्रेसको काँधमा रहेको बताइन् ।

उनले चुनावमा हार्ने छुट कांग्रेससँग नभएको स्पष्ट पार्दै, देशलाई स्थायित्व, सुशासन र आर्थिक समृद्धिको बाटोमा लैजान कांग्रेस सभापति गगन थापालाई प्रधानमन्त्री बनाएर बहुमतको सरकार निर्माण गर्नुपर्नेमा जोड दिइन् । उपसभापति भुसालले कांग्रेस सधैं परिवर्तन र सुधारको पक्षमा उभिएको पार्टी भएको उल्लेख गर्दै जनताको भावना बुझेर अघि बढ्न कार्यकर्तालाई निर्देशन दिइन् । घोषणापत्रमा समेटिएका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि कांग्रेसको जित आवश्यक रहेको उनको धारणा छ ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार विष्णुप्रसाद खनाल 'मुस्कान' ले आफू जिल्लावासी सबैको साझा उम्मेदवार भएको बताए । उनले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, कृषि र रोजगारीमा केन्द्रित आफ्नो प्रमुख एजेन्डा प्रस्तुत गर्दै, युवालाई जिल्लामै रोजगारी सिर्जना गर्ने, कृषकलाई उत्पादनसँग बजार जोड्ने र गाउँ-गाउँमा आधारभूत सेवा पुर्‍याउने योजना रहेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका सभापति केशव श्रेष्ठ, समानुपातिक उम्मेदवार ललिता सुनुवार, सचिव कृष्णप्रसाद खनाल, कोषाध्यक्ष बिष्णु क्षेत्री, सहसचिव मेघराज पाण्डे, युवा नेता लेखनाथ पोखेल, निर्मला क्षेत्री, सुर्यप्रसाद अधिकारी, सङ्गिता बेल्वासे, चन्द्रा गैरे, प्रेमनारायण बेल्वासे, हरि दमासे, दिपक कुमार श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो । नगरसभापति खडानन्द बेल्वासेको सभापतित्वमा कार्यक्रम मुकुन्द खनालको संचालनमा सम्पन्न भएको थियो ।

# जातीय विभेद गर्नेलाई 'नो भोट' अभियान



**काठमाडौं/मस–** दलित अधिकारकर्मीहरूले जातीय विभेद गर्ने उम्मेदवार वा कुनै पनि दललाई आसन्न निर्वाचनमा 'नो भोट' अभियान सुरु गर्ने भएका छन् । दलितमैत्री निर्वाचन राष्ट्रिय अभियानअन्तर्गत मंगलबार पत्रकार सम्मेलन गरेर दलित अधिकारकर्मीहरूले यस्तो जानकारी गराएका हुन् ।

दलित गैरसरकारी संस्था महासंघ (डिएनएफ) ले गरेको पत्रकार सम्मेलनमा आगामी निर्वाचनलाई दलितमैत्री बनाउनका लागि दलित नागरिक संघसंगठन, पत्रकार, बुद्धिजीवी, अधिकारकर्मी र दलित अभियन्ताहरूले दलितमैत्री निर्वाचन राष्ट्रिय अभियान सुरुवात गरेको जानकारी दिएको छ । अभियानका तर्फबाट सबै राजनीतिक दललाई घोषणापत्रमा समावेश गरिनुपर्ने दलित सवालबारे सुझावसमेत हस्तान्तरण गरिएको डिएनएफका अध्यक्ष जेवी विश्वकर्माले जानकारी दिए ।

उनले दलितले मतदान गर्न पाउने नैसर्गिक अधिकारलाई प्रोत्साहन गर्ने र विभेद गरिरहेका कुनै पनि राजनीतिक दल वा उम्मेदवारलाई भने मानवताका आधारमा समेत 'नो भोट' अर्थात् मतदानमा बहिस्कार गर्ने बताए ।

नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्माले दलित तथा सीमान्तकृत समुदायका मतदातालाई यतिबेला कसलाई र कसरी भोट दिने भन्ने शिक्षाको जरुरी रहेकाले अभियानमार्फत देशभर पुग्नुपर्ने बताए ।

### भूल सुधार

यस दैनिकको वर्ष २४ अंक १९ २०८२ माघ २७ गते मंगलबार पृष्ठ ३ मा प्रकाशित समाचारको शीर्षकमा 'कांग्रेस अहिले चट्टानी एकतामा बाँधिएको छ : नेता घिमिरे' हुन ुपर्नेमा भूलवश अन्यथा भएकाले भूलसुधार गरिएको छ । सं.

# गण्डकी प्रदेश समन्वय परिषद् कतारको वार्षिक साधारण सभा सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २७ माघ



कतारमा स्थापित गण्डकी प्रदेश समन्वय परिषद् कतारले वार्षिक साधारण सभा भव्य रूपमा सम्पन्न गरेको छ । परिषद्को आयोजना तथा मातहतका जिल्ला संस्थाहरूको पूर्ण सहभागितामा साधारण सभा तथा वनभोज कार्यक्रम सम्पन्न भएको हो ।

कतारको राष्ट्रिय खेलकुद दिवसको अवसर पारेर वक्राको समुन्द्री तटमा मंगलबार परिषद् कतारका अध्यक्ष नन्दलाल विकको अध्यक्षता तथा परिषद्का संस्थापक अध्यक्ष आसबहादुर गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

बागलुङको पश्चिम भेगको पुर्कोटे र हटियामा प्रचलित नौमती बाजाको पूजासहित शुभारम्भ भएको कार्यक्रममा कतारको खेलकुद दिवसको सम्मानमा बन्द डब्बामा चनाका गेडा राखी सो चनाका गेडा कति छन् भनी अनुमान गर्दै लेख्ने र विजेता छान्ने खेल रोचक बन्यो । उक्त खेलको महिलातर्फ सिर्जना तामाङ र पुरुषतर्फ दिनेश लामिछानेले डब्बामा भएको संख्याको नजिकै लेख्दै जित निकाल्दै जनही १ सय १ रियाल पुरुष्कार हात पारे । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि गुरुङले परिषद्ले आफ्नो कार्यतालिका बमोजिम आयोजना गरेका कार्यक्रम निकै लाभदायी रहेको बताए । साधारण सभामा लमजुङे कवि सिताराम थापाले कविता वाचन गरे भने तारा बिसीले गायन र करुणा थापा मगरले नृत्यमार्फत मनोरञ्जन प्रदान गरिन् । साधरणसभाको समापन गर्दै अध्यक्ष विकले गण्डकी प्रदेशले सदैव फरक किसिमको कार्यक्रम गर्दै आएको बताउँदै आमन्त्रित पाहुना, आबद्ध जिल्ला संस्थासहित प्रत्यक्ष अप्रत्यक्ष रूपमा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति कृतज्ञता प्रकट गरेका थिए ।

कार्यक्रमलाई महासचिव मनप्रसाद राना मगरले सहजीकरण गर्दै कार्यसमितिले पछिल्लो एक वर्षमा गरेका विविध गतिविधि समेटिएको कार्यप्रगति पेस गरेका थिए । त्यस्तै कोषाध्यक्ष मदन जिसिले आयव्यय पेस गरेका थिए भने वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक रोशन अर्यालले स्वागत मन्तव्य राख्दै परिषद्ले छिट्टै बृहत् सांस्कृतिक कार्यक्रम लिएर आउने बताए । सभामा गण्डकी प्रदेशवासी तथा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति तथा सीमित शुभकामना मन्तव्य रहेको थियो । कार्यक्रममा एनआरएनए एनसीसी कतारका उपाध्यक्ष तथा नौमती बाजाका संयोजक सन्तोष पौडेललाई फेटाद्वारा सम्मान गरिएको थियो भने लमजुङ सेवा समाज कतारका तर्फबाट आयोजकलाई कोसेली उपहार स्वरूप प्रदान गरिएको थियो । छोटो कार्यक्रममार्फत साधारण सभा सम्पन्न गरेको परिषद्को औपचारिक कार्यक्रम समापन पश्चात् पञ्चेबाजामा उपस्थित छमछमी नाचे ।

थुपै कलाकारहरूले पञ्चेबाजामा दोहोरी गाए भने उपस्थित सबैले कुर्ची छोडेर बाजामा फन्को लगाए । दिउँसो तातो र साँझ पर्दै जाँदा चिसिँदै गएको समुन्द्री तटको चिसोलाइ बाजा र नाचले जितेको थियो । बाजामा गाउँदै रमाइलो गर्ने क्रम अबेर साँझसम्म चलेको थियो ।

# हिसान तारकेश्वरको दोस्रो अधिवेशन, नौ सदस्यीय कार्यसमिति गठन



**काठमाडौं/मस–** निजी तथा आवासीय विद्यालयहरूको साझा संगठन हिसान तारकेश्वरको दोस्रो अधिवेशन सोमबार साँझ सम्पन्न भएको छ । दियालो फुडल्यान्डमा आयोजित अधिवेशनले नयाँ नेतृत्व चयन गर्दै आगामी कार्यदिशा तय गरेको छ ।

हिसान केन्द्रका अध्यक्ष युवराज शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा हिसान केन्द्रका वरिष्ठ उपाध्यक्ष डा. स्वागत श्रेष्ठ, उपाध्यक्ष विष्णुराज पौडेल, महासचिव रामहरि सिलवाल, कोषाध्यक्ष शिव अधिकारी, प्यावशन केन्द्रीय समिति सदस्य लोकेन्द्रबहादुर खड्का, हिसान काठमाडौंका अध्यक्ष जेसिका चेम्जोङ, वरिष्ठ उपाध्यक्ष गोपिराज पराजुली, प्यावशन बागमती प्रदेश सदस्य राजेन्द्रप्रसाद फुयाँल, प्यावशन काठमाडौंका उपाध्यक्ष ऋषि न्यौपाने, हिसान कीर्तिपुर, नागार्जुन र चन्द्रागिरिका अध्यक्ष जयराम चापागाईं तथा प्यावशन तारकेश्वरका अध्यक्ष गोपाल बुढाथोकीलगायतको उपस्थिति रहेको थियो ।

अधिवेशनलाई सम्बोधन गर्दै प्रमुख अतिथि शर्माले देश निर्वाचनको चरणमा रहेको उल्लेख गर्दै संस्थागत विद्यालयको अस्तित्वमाथि प्रहार गर्ने शक्तिलाई परास्त गर्न सबै एकजुट हुनुपर्ने बताए । नयाँ बन्ने सरकार संस्थागत विद्यालयप्रति प्रतिकूल हुनसक्ने आशंका व्यक्त गर्दै उनले दलहरूको घोषणापत्र अध्ययन गरेर हिसानले आफ्नो धारणा सार्वजनिक गर्ने बताए ।

त्यस्तै, प्यावशन केन्द्रीय समिति सदस्य खड्काले हिसानले परीक्षा, तालिम तथा महत्वपूर्ण शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूको गुणस्तर अभिवृद्धिमा भूमिका खेल्नुपर्ने बताए । कार्यक्रममा बोल्दै हिसान काठमाडौंका अध्यक्ष चेम्जोङले तारकेश्वर हिसानका गतिविधिबाट जिल्ला र केन्द्रले पनि सिक्नुपर्ने अवस्था आएको बताए । हिसान तारकेश्वरका नवनिर्वाचित उपाध्यक्ष शिवप्रसाद अर्यालले स्वागत मन्तव्य राख्दै हिसान, प्यावशन र एनप्यावशनबीच सहकार्य र समन्वय गर्दै संस्थागत विद्यालयको हकहितका पक्षमा संयुक्त रूपमा खबरदारी गर्नुपर्नेमा जोड दिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०८१/०२/१३ मा दर्ता भएको **प्रा. लि. नं. ३३७१८२** को **न्यु बलराम टेलर्स एण्ड सगरमाथा नौमती पञ्चेबाजा ब्यान्ड प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (२) को खण्ड (च) बमोजम स्वच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरएको छ ।

**मोटरसाईकल हराएको सूचना**
मिति २०८२/१०/२४ गते काठमाडौं जिल्ला तारकेश्वर न. पा. वडा नं १० लोकतान्त्रिक चो कबाट दिउँसो अन्दाजी १५:३० बजेको समयमा बा.प्र-०२-०६० प १५३१ नम्बरको रातो कालो रङको NS200 CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।
सवारी धनी: Fa & Sons Auto Pvt. Ltd.
ऋणी : घनश्याम कुन्जेडा
च्यासिस नं.: MD2A36FX5SCA90084
इन्जीन नं.: JLXCSM97879
सम्पर्क: ९८४७५७७९९५

VACANCY
ANNOUNCEMENT
Looking For Smart, Energetic, Experienced & Dynamic Candidate For Following Job Position.
Manager - 1 nos. (Female)
Public Relation Officer (PRO) -1 nos. (Female)
Secretary - 1 nos. (Female)
Security - 1 nos. (Male)
SALARY NEGOTIABLE
Requirement
☑ Bachelor's degree with relevant skills.
☑ Fluency in English.
☑ Minium 2 to 3 Yrs Experience in Manpower Field.
MANPOWER AGENCY NEPAL PVT.LTD.
Thapa Chowk, Ganesthan, Gongabu, Kathmandu, Nepal
Contact : 9851333521, 9702668170
Email: krk.recruitment@gmail.com
Web: www.manpoweragency.com.np
Govt. Licence: 1618/079/080

VACANCY
ANNOUNCEMENT
एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
◆ Public Relation Officer ( PRO) - 2 (Male/Female)
Requirements:
★Exceptional Communication Skills (Written/Verbal).
★Strong Networking Abilities to Maintain a Positive Public Image.
★Minimum 5 Years of Experienced in Related Fields.
★Priority will be given for Manpower Experienced.
NMS RECRUITMENT SERVICE PVT.LTD.
Boudhha -06, Kathmandu, Nepal
Ph. No.: 01-5914535 | 5914536. Mobile No: 9801318507.
E-mail: info@nmsmanpower.com
Website: www.nmsmapower.com

**साउदीमा रोजगार**
कम्पनी : DACKS AL-ALAMIYYA LALMINDZVAT WALMITHRAT FOR MANUFACTURING शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/१०/२५ चलानी नं.: ६०२५२१२४ L.T. No.: 338512

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ६ गते (18 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु.२१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

OUR DESTINY EMPLOYMENT SERVICES PVT.LTd.
श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५
दोस्रो तल्ला, ई-ब्लक, काठमाडौं बिजनेस पार्क टेकु, काठमाडौं, फोन नं. ४१०४५९७, ४१०४५७४
Mobile No: 9813562117, 9803400311. Chitwan Branch Contact No: 9841082144
Jhapa Branch Contact No: 9852679813, 9820592218, 9804944227.

**साउदीमा रोजगार**
कम्पनी: AL YAMAMA COMPANY FOR TRADING & CONTRACTING शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०१/२८ चलानी नं.: ६०२३९५३४ L.T. No.: 323546 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CONSTRUCTION WORKER /LABOUR | 47 | 0 | स. काममा दक्ष | 1200 | ४६,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन ६ गते (18 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PROTECH NEPAL EMPLOYMENT PVT. LTD.
गोंगबु-६, काठमाडौं, नेपाल, फोन: ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Contact No: 9843197806,9766531224, 9841280603.
श्रम इजाजत नं. ७९०/०६५/०६६

**रिद्धि सिद्धि सिमेन्ट लिमिटेडको**
**विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति: २०८२/१०/२८
यस रिद्धि सिद्धि सिमेन्ट लिमिटेडको मिति २०८२/१०/२२ गते बसेको सञ्चालक समितिको निर्णयानुसार यस कम्पनीका विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न आवश्यक भएकोले सम्पूर्ण सञ्चालक सदस्य र शेयनधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।
**साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति: २०८२/११/१० गते आइतबार तदनुसार २२, फरवरी २०२६)**
**समय: अपरान्ह ०१:३०**
**स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं ।**
**विशेष साधारण सभामा छलफल हुने प्रस्तावहरु**
१. कम्पनीको प्रारम्भिक सार्वजानिक निष्कासन (IPO) शेयरको प्रतिशत परिवर्तन गर्ने सम्वन्धमा ।
२. प्रवन्धपत्र र नियमावली संशोधन गर्ने सम्वधमा ।
३. विविध ।

**जय अम्बे स्टील्स लिमिटेड**
का.म.न.पा.वडा नं.१२, टेकु, काठमाडौं
**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति: २०८२/१०/२८ गते
**आदरणीय शेयरधनी महानुभावहरु,**
यस जय अम्बे स्टील्स लिमिटेडको मिति २०८२/ १०/२३ बसेको सञ्चालक समितिको ४६ औं बैठकको निर्णयानुसार यस कम्पनीको तेस्रो वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।
**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति : २०८२ साल फाल्गुन महिना १४ गते, बिहीबार (तदनुसार फेब्रुवरी २६, २०२६)**
**स्थान : होटल हिमालय, कुपन्डोल हाईट, ललितपुर**
**समय : बिहानको ११:३० बजे ।**
**छलफलका विषयहरु :**
**क) साधारण प्रस्तावहरु :**
१. आ.व.२०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत सोहि अवधिका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
**ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. सर्वसाधारणलाई कम्पनीको साधारण शेयर प्रिमियम मूल्यमा जारी गर्ने सम्बन्धमा ।
३. सर्वसाधारणलाई कम्पनीको साधारण शेयर प्रिमियम मूल्यमा जारी गरे पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।
४.माथि प्रस्ताव गरिए अनुसार प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने लगायत सोसँग सम्बन्धित कार्यहरु स्वीकृतिका क्रममा तथा कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतमा संसोधन/फेर बदल गर्न निर्देशन प्राप्त भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायतका अन्य सुधार समेत गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
**ग) विविध ।**
**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

मध्यान्ह
www.madhyanhadaily.com
२८ माघ २०८२ बुधबार
11 February 2026 Wednesday

सम्पादकीय

## भ्रष्टाचारविरुद्ध राष्ट्रिय संकल्पको खाँचो

ट्रान्सपरेन्सी इन्टरनेसनलले मंगलबार सार्वजनिक गरेको भ्रष्टाचार धारणा सूचकांक २०२५ ले पनि नेपालले भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय प्रगति गर्न नसकेको प्रतिवेदन सार्वजनिक गरेको छ । नेपालको स्कोर गत वर्षजस्तै ३४ अंकमै सीमित रहनुले भ्रष्टाचार न्यूनीकरणमा कुनै ठोस एवं नतिजामुखी काम नभएको देखाउँछ । १०० अंकलाई भ्रष्टाचार मुक्त अवस्था मानिने यस सूचकांकमा नेपालको स्कोर लामो समयदेखि ३५ भन्दा तल नै रहँदै आएको छ । यसले भ्रष्टाचार अन्त्य र सुशासनका पक्षमा सरकारका प्रतिबद्धता धेरै भए पनि व्यवहारमा परिणाममुखी हुन नसकेको देखाउँछ । नीति, योजना र भाषणमा भ्रष्टाचारविरोधी प्रतिबद्धता निरन्तर सुनिए पनि कार्यान्वयन फितलो हुँदा समस्या ज्युँका त्यूँ रहेका छन् ।

भ्रष्टाचारलाई देश विकासको मुख्य बाधक मानिन्छ । यसले राज्यका स्रोत नष्ट गर्छ, सेवाप्रवाह कमजोर बनाउँछ र जनताको विश्वास घटाउँछ । बेथिति र भ्रष्टाचारकै कारण नेपाली युवा पुस्तामा चरम निराशा पैदा गरेको छ । २३-२४ भदौको जेनजी आन्दोलनको मुख्य कारण पनि नेपालमा व्याप्त भ्रष्टाचार नै भएको आमबुझाइ छ । त्यसो त कुशासन विश्वभरकै समस्या हो । विश्वको भ्रष्टाचार धारणा सूचकांक औसत स्कोर ४२ मात्र छ । अविकसित एवं अल्पविकसित मुलुकमा भ्रष्टाचार व्याप्त छ । आममानिस कुशासन बेहोर्न बाध्य छन् । तर दक्षिण एसियामै भुटानले ७१ अंक प्राप्त गरेर साना मुलुकले इमानदारितापूर्वक कोसिस गरेमा सुधार सम्भव छ भन्ने उदाहरण दिएको छ । पारदर्शी शासन, कानुनको निष्पक्ष कार्यान्वयन र जवाफदेही नेतृत्व भए सुशासन असम्भव छैन भन्ने सन्देश पनि यसले दिएको छ ।

पछिल्लो समय युवापुस्ताले भ्रष्टाचारविरूद्ध आवाज उठाउन थालेको छ । शक्ति दुरूपयोग, अवसरको असमानता र सार्वजनिक सेवामा हुने ढिलासुस्तीले चरम असन्तुष्टि बढाइरहेको छ । अहिलेको यो असन्तुष्टि र निराशाको एउटै समाधान पारदर्शिता र सुशासन नै हो । त्यसका लागि सरकार, दल र कर्मचारीतन्त्र मात्र होइन, आमनागरिकसमेत इमानदार बन्नुपर्छ । भ्रष्टाचार बढ्दा लोकतन्त्र कमजोर हुन्छ, विकासको गति सुस्त हुन्छ र सामाजिक न्याय प्रभावित हुन्छ । त्यसैले अनियमितता रोक्न नीतिगत रूपमै ठोस कदम चाल्नुपर्ने देखिन्छ । नियमनकारी निकायलाई सक्षम बनाउने, सबैका लागि कानुन लाग्ने, सार्वजनिक खर्च पारदर्शी बनाउने र भ्रष्टाचारको अनुसन्धान गरी दोषीमाथि कडाइका साथ कारबाही गर्नसक्दा भ्रष्टाचार धेरै हदसम्म नियन्त्रणमा आउन सक्छ । आगामी निर्वाचनलाई पनि सुधारको अवसरका रूपमा लिन सकिन्छ । मतदाताले स्वच्छ छवि भएका, इमानदार र उत्तरदायी प्रतिनिधि चयन गर्न सके मात्र वर्षौंदेखिको समस्या घट्न सक्छ । त्यसका लागि भ्रष्टाचारविरूद्धको लडाइँलाई सरकारी अभियान मात्र नभई राष्ट्रिय संकल्प बनाउनु जरूरी छ ।

# विदेशको उज्यालो र स्वदेशको सन्नाटा

*तर के हामीले कहिल्यै सोच्यौं- बुढेसकालमा बिरामी पर्दा साथ दिने को ? अस्पतालको बेडमा हात समाउने को ? के बैंक खातामा आएको रकमले त्यो स्पर्श दिन सक्छ ?*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

एक समय थियो, गाउँघरमा कसैको छोरोछोरीले एसएलसी पास गर्‍यो भने सबैले सोध्थे- अब के पढ्ने ? कुन विषय रोज्ने ? आज ती प्रश्नहरू फेरिएका छन् । अहिले सोधिन्छ- कुन देश जाने ? कहिले उड्ने ? भिसा आयो कि आएन ? समयसँगै पढाइ, सीप र क्षमताभन्दा पनि विदेश जाने योजनाले मान्छेको मूल्यांकन गर्न थालिएको छ । जुन आफैंमा असजिलो र पीडादायी छ ।

विदेश जानु आफैंमा न त अपराध हो, न त असफलता । संसार खुला छ, अवसर खोज्नु मानवीय चाहना हो । थप राम्रो अवसर खोज्नु स्वभाविक पनि हो । तर समस्या त्यहाँ छ, जहाँ विदेश जानु एक मात्र विकल्प, एक मात्र सपना र सामाजिक प्रतिष्ठाको मापन बन्न पुगेको छ । आज स्वदेशमै बसेर केही गर्न चाहने युवालाई सफल र मेहनेती होइन, असक्षम र कमजोर मानिन्छ । विदेश नजानु मानौं जीवनमा केही नहुनु जस्तै ठानिन थालेको छ ।

केही वर्षअघि एक सार्वजनिक सवारीमा सुनेको कुराले पंक्तिकारको मन गहिरो गरी छोयो । एक आमा गर्वका साथ छिमेकीलाई भनिरहेकी थिइन्, 'मेरो छोरा त जापानमा छ, लाखौं कमाउँछ, मलाई पनि घुमाउन लान्छु भनेको छ ।' त्यो वाक्यमा लुकेको पीडा उनले आफैंले सायद महसुस गरेकी थिइनन् । उनको छोराले कति घण्टा र कस्तो ठाउँमा काम गर्दैछ भन्ने कुरामा उनलाई हेक्का थिएन । त्यो प्रश्न कसैले सोधेन । विदेश पुगेको खबर नै पर्याप्त प्रमाण बन्यो कि छोराले कमाउन थाल्यो ।

आज सामाजिक सञ्जालले यो मानसिकतालाई झन् मलजल गरिरहेको छ । अस्ट्रेलियाको समुद्र किनारमा खिचिएको तस्बिर, क्यानडाको हिउँमा उभिएको मुस्कान, युरोपको सडकमा हिँड्दै गरेको भिडियो- यी सबैले जीवन अत्यन्तै रमाइलो छ भन्ने भ्रम सिर्जना गर्छन् । तर ती तस्बिरहरूमा न त एक्लोपन देखिन्छ, न त रातको दुःख, न त घर सम्झँदा आएको आँसु । डिजिटल संसारमा देखिने चमक र वास्तविक जीवनको कठोरता बीचको दूरी बुझ्न हामी चुकिरहेका छौं ।

विदेश जानकै लागि पढाइ गर्ने प्रवृत्ति बढ्दो छ । इन्जिनियर, नर्स, व्यवस्थापनका विद्यार्थी- सबैको अन्तिम लक्ष्य एउटै देखिन्छ । कसैलाई विषयप्रतिको रुचि छैन, समाजप्रतिको उत्तरदायित्व छैन, केवल एउटा टिकट चाहिएको छ । अझ दुखद त के छ भने, कतिपयले नक्कली कागजात, नक्कली बिहे र ऋणको भारी बोकेर विदेश जाने बाटो रोजिरहेका छन् । यो व्यक्तिगत निर्णय मात्र होइन, सामाजिक विकृति पनि हो ।

युवाहरूको गुनासो सुन्दा उनीहरू पूर्ण रूपमा गलत पनि छैनन् । यहाँ रोजगारीको अभाव छ, प्रणाली कमजोर छ, राजनीतिक अस्थिरता र भ्रष्टाचारले भरोसा तोडेको छ । तर यसको समाधान सामूहिक पलायन मात्र हो त ? जब देशका सबै सक्षम, ऊर्जाशील र शिक्षित युवा बाहिरिन्छन्, तब यहाँ परिवर्तन कसले गर्ने ? सुधारको जिम्मा कसले लिने ?

आज नेपालका ग्रामीण भेगहरू रित्तिँदै छन् । खेतबारी बाँझिँदै छन् । सरकारी स्कुलमा विद्यार्थी छैनन्, सरकारी अस्पतालमा डाक्टर टिक्दैनन् । गाउँमा बुढाबुढी मात्रै बाँकी छन्, जो मोबाइलको स्क्रिनमा देखिने नातिनातिनाको अनुहारसँगै बाँचिरहेका छन् । दशैंमा टीका लगाइदिने हातहरू खाली छन्, तिहारमा दाजुभाइको निधार खाली छ । पैसा त आउँछ, तर त्यो पैसाले चुलो बल्छ, मन होइन ।

एक वृद्ध बाबुको कुरा सम्झनलायक छ । छोरा अमेरिका गएको १० वर्ष भयो । घर नयाँ बनेको छ, सुविधा सबै छन् । तर उनले भने, 'घर ठूलो भयो, तर बोल्ने मान्छे सानो हुँदै गयो ।' त्यो वाक्यमा आधुनिक समाजको सबैभन्दा ठूलो त्रास लुकेको छ । हामी भौतिक रूपमा अग्लिँदैछौं, तर भावनात्मक रूपमा खुम्चिँदैछौं ।




आज आमाबाबुले सन्तान विदेश गएकोमा सन्तोष मान्छन्, किनकि समाजले त्यसैलाई सफलता मानेको छ । भोजभतेरमा सन्तानको नामसँगै देशको नाम जोडेर चिनाउने चलन बढेको छ । मानौं सन्तान होइन, देश नै उपलब्धि हो । तर के हामीले कहिल्यै सोच्यौं- बुढेसकालमा बिरामी पर्दा साथ दिने को ? अस्पतालको बेडमा हात समाउने को ? के बैंक खातामा आएको रकमले त्यो स्पर्श दिन सक्छ ?

